राजस्व न्यायाधिकरण काठमाडौं

**इजलास**

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवन कुमार घिमिरे

लेखा सदस्य श्री डम्बर वहादुर कार्की

**फैसला**

२०७५/०७६ सालको निर्णय नं. १७२

पुनरावेदन नं. ०७४-RB-००९१

साविक काभ्रेपलान्चोक जिल्ला सस्युंखर्क गा.वि.स.वडा नं.३ घर भइ हाल भक्तपुर जिल्ला सूर्यविनायक न.पा.वडा नं.४ बस्ने राहदानी नं.०७६८६१४९ का नारायण बहादुर भण्डारी..........................................................................१ } पुनरावेदक

**विरुद्ध**

भन्सार अधिकृत केशव कुमार उप्रेती समेतको प्रतिवेदनले नेपाल सरकार..........१ } प्रत्यर्थी

**मुद्दा : सुन चोरी पैठारी ।**

शुरु निर्णय गर्ने कार्यालय : त्रिभुवन विमानस्थल भन्सार कार्यालय

शुरु निर्णय गर्ने अधिकारी : श्री नारायण प्रसाद सापकोटा

शुरु निर्णय मिति : २०७४/०६/२५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्धान अधिवक्ता द्धय श्री मिलन कुमार राई र प्रेमचन्द्र राई

प्रत्यर्थीको तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेत

यसमा त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक श्री नारायण प्रसाद सापकोटाले मिति २०७४।६।२५ मा गर्नुभएको निर्णय उपर भन्सार ऐन, २०६४ को दफा ६२ (१) तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(४) बमोजिम प्रतिवादी नारायणबहादुर भण्डारीको पुनरावेदन दर्ता भई सुनुवाईको लागी पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छः-

## मुद्दाको तथ्य

१. मिति २०७२साल कार्तिक २३ गतेको बेलुका २३:३० बजेको समयमा **Jet Airways** को फ्लाइट नं.**9w0264** बाट दिल्ली हुँदै हङ्गकङ्गबाट काठमाडौ आएका नेपाली नागरीक राहदानी नं.०७६८६१४९ बाहक काभ्रेपलान्चोक जिल्ला घर भएका नारायण बहादुर भण्डारीलाई त्रिभुवन विमानस्थलको आगमन क्षेत्रमा रहेको भन्सार कक्षमा निजको लगेज तथा ब्यागबाट मुल्य रु.२३,७१,८८०/- बराबरको १८७ ग्रामको २ टुक्रा र ३७.३३ ग्रामको ५ टुक्रा गरी जम्मा ७ थान (५६० ग्राम) सुन लुकाइ छिपाई भन्सार छली लिई आएको अवस्थामा फेला पारिएको हुँदा आवश्यक कारबाही गरी प्रतिवेदकहरुलाई पुरस्कारको व्यवस्था समेत गरिपाउँ भन्ने व्यहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचरका प्रमुख भन्सार अधिकृत श्री केशव कुमार उप्रेती समेतको प्रतिवेदन साथ बरामद सुन बरामदी मुचुल्का ।

२. त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत केशव कुमार उप्रेतीको प्रतिवेदन, मिति २०७२/०७/२३ गते प्राप्त हुन आएको सुन चोरी पैठारी मुद्धामा कारबाही गरी पाउँ भन्ने उजुरीलाई भन्सार ऐन, २०६४ को दफा ४६ को उपदफा ३ बमोजिम आबश्यक कारबाहीको लागी मुद्धा दर्ता गर्ने र निज प्रतिवादी नारायण बहादुर भण्डारीको बयान लिई कानुनी कारबाही अगाडी बढाउने भनी मिति २०७२/०७/२४ को त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आदेश ।

३. उक्त बरामदीत ५६० ग्राम सुन मैले आफ्नै श्रोतबाट घरायसी प्रयोगको लागी हङ्गकङ्गमा खरिद गरी ल्याएको हो । सुनको भन्सार तिर्नु पर्छ भन्ने थाहा थिएन । वाकथ्रुमा भन्सारका कर्मचारीहरुले व्यगहरुमा सुन देखिएको छ, निकाल्नुहोस भनेकाले हाते व्यागमा भएको ३ पिस र लगेज व्यागमा भएको ४ पिस निकाली उहाँहरुलाई दिएको हो । भन्सार तिरेर लैजान्छु भन्दा ५०० ग्राम भन्दा बढी भयो दिन मिल्दैन भन्नु भयो । सुन व्यक्तीगत रुपमा पैठारी गर्न पाईदैन भन्ने नेपालको कानुनी व्यवस्था बारे थाहा थिएन भनी प्रतिवादी नारायणबहादुर भण्डारीले त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा गरेको बयान ।

४. प्रस्तुत मुद्दामा प्रतिवादीले निजबाट बरामद भएको स्विकार गरी बयान गरेको, बरामदी मुचुल्का र प्रतिवेदन लगायत मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुबाट नेपाल सरकार वाणिज्य तथा आपुर्ती मन्त्रालयको मिति २०६७/०५/१७ को सुचनाबाट मिति २०६७/५/१८ देखी सुनको पैठारीमा पुर्ण बन्देज लगाएको अवस्थामा सुनको भन्सारमा घोषणा गरेको निस्सा, प्रज्ञापन पत्र, पेश गर्न नसकेको हुँदा निज प्रतिवादीले भन्सारमा कही कतै घोषणा नगरी प्रकाउ परेकोले सुन लुकाई छिपाई भन्सार छली चोरी पैठारी गरी भन्सार ऐन, २०६४ को दफा ५७ को उपदफा (१) को कसुर गरेको हुँदा बरामदीत विगो रु२३,७१,८८०/- र कैद वापत रु१८,२५०/- समेत जम्मा रु२३,९०,१३०/-

(तेइस लाख नब्बे हजार एक सय तिस रुपैया) धरौट माग गर्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालको मिति २०७२/७/२४ को आदेशानुसार धरौट राखी तारेखमा बसेको ।

५. नारायणबहादुर भण्डारीको साथबाट ५६० ग्राम सुन बरामद भएको, पैठारीमा बन्देज गरेको सुन सहित पक्राउ परेका प्रतिवादीले भन्सारमा घोषणा नगरेको, प्रज्ञापनपत्र र भन्सार महशुल तिरेको निस्सा पेश गर्न नसकेको हुँदा प्रतिवादी नारायण बहादुर भण्डारीबाट बरामद भएको सुन ५६० ग्राम भन्सार ऐन, २०६४ को दफा ३८ बमोजिम चोरी पैठारी भएको ठहरी प्रतिवादीलाई सुनको मोल रु.२३,७१,८८०/- (तेइस लाख एकहत्तर हजार आठ सय असी रुपैया) जरिवान हुने ठहर्छ भन्ने समेत त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक नारायण प्रसाद सापकोटाबाट मिति २०७४/६/२५ मा भएको निर्णय ।

६. म परिवार सहित विदेश हङ्गकङ्ग बस्छु । उक्त देशमा रोजगारी गरी मासिक करिब २ लाख रुपैया आर्जन गर्छु । रोजगारी गरी विदेशमा बसी छुट्टीको समयमा घर तर्फ आउँदा विदेशमा रोजगारी गरी कमाएको पैसाबाट घरायसी प्रयोजनको लागी हङ्गकङ्गमा खरिद गरी ल्याएको ५६० ग्राम सुन मेरो ह्याण्ड व्याग र लगेजमा राखी ल्याएको हो । उक्त सुन भन्सार क्षेत्र भित्र प्रवेश गरेको समयमा भन्सारका कर्मचारीहरुले तपाइसंग सुन छ, झिक्नुहोस भनेपछी मैले झिकी निजहरुलाई दिएको हो । मैले ल्याएको सुन म आफैले झिकी भन्सार कर्मचारीहरुलाई दिएपछी उक्त सुन चोरी पैठारी गरी ल्याएको भनी बरामदी मुचुल्का बनाई मलाई सुन चोरी पैठारीमा मुद्दा चलाएको कार्य त्रुटीपुर्ण र बदनियतपुर्ण छ। मैले सुनको भन्सार कर तिर्न मन्जुर गरेको छु । मैले तत्काल भन्सार तिर्ने कार्यविधी के कस्तो छ सो को ज्ञान अभाव भएको कारण सो व्यहोरा आफ्नो बयानमा उल्लेख गरेको र भन्सार तिर्ने कार्यविधी बुझी रहेको अवस्थामा मैले घरायसी प्रयोजनको लागी ल्याएको सुन लाई चोरी पैठारी गरेको भनी सजाय गर्नु मलाई न्याय प्राप्त गर्ने कार्यबाट बन्चित गर्नु हो। मैले ल्याएको ५६० ग्राम सुनलाई पुर्ण रुपमा गैर कानुनी बस्तु भनी कुनै पनि नेपाल कानुनले घोषणा गरेको छैन । ५० ग्राम सम्म सुन ल्याउदा कुनै भन्सार नलाग्ने ५०० ग्राम सम्म सुन भन्सार तिर्ने गरी ल्याउन दिने भन्ने कानुनी ब्यवस्था भएकोमा सम्पुर्ण ५६० ग्रामलाई नै अवैध र गैर कानुनी कायम गरी मलाई रु.२३,७१,८८०/- जरिवाना हुने र मैले ल्याएको सुन जफत हुने गरी भएको निर्णय बदर गरी इन्साफ पाउँ भन्ने समेत प्रतिवादी नारायणबहादुर भण्डारीको पुनरावेदनपत्र ।

७. मेरो नोकरी तथा काम व्यवहारको कारणबाट तोकी पाएको तारेखमा हाजिर हुन असमर्थ भएको हुँदा वारेस राख्ने अनुमती पाउँ भन्ने पुनरावेदक प्रतिवादीको निवेदन ।

८. पुनरावेदक नारायण बहादुर भण्डारीलाई लागेको जरिवाना धरौट राखेको र थुनामा बसेको अबस्था नदेखिँदा वारेस राख्ने अनुमती प्रदान गरिदिएको छ भन्ने मिति २०७४/९/१४ मा भएको आदेश बमोजिम पुनरावेदकले वारेस राखी तारेखमा बसेको देखिन्छ ।

९. यसमा मुलुकी ऐन अ.वं. २०२ नं.बमोजिम विशेष सरकारी वकिल कार्यालयलाई पेशीको जानकारी दिई सुन बरामद हुँदाको **Location Map** झिकाई पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/१०/१४ मा भएको आदेश ।

१०. यस न्यायाधिकरणको आदेशानुसार त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट **Location Map** प्राप्त भइ मिसिल सामेल रहेछ ।

<u>**ठहर खण्ड**</u>

११. नियमबमोजिम पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित विद्धान अधिवक्ताद्धय श्री मिलन कुमार राई र प्रेम चन्द्र राईले पुनरावेदकले बदनियत राखी सुन ल्याएको होइन, भन्सार एरिया भन्दा बाहिर पुगेको अबस्था समेत होइन, ५०० ग्रामसम्म सुन भन्सार तिरेर ल्याउन पाइने एवं शुरु फैसलामा उल्लेखित व्यहोरा र यस न्यायाधिकरणबाट जवाफ मगाउदा पठाएको पत्र व्यहोरामा विरोधाभाष भएकोले शुरुको फैसला बदर गरी पुनरावेदकले आरोपबाट सफाई पाउनु पर्छ भनी र प्रत्यर्थी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्धान उपन्यायाधिवक्ता श्री शम्भुकुमार बस्नेतले पुनरावेदकले ५६० ग्राम सुन ल्याएकोमा विवाद छैन, भन्सार क्षेत्र भन्दा बाहिर पुनरावेदक पक्राउ परेको हुँदा शुरु भन्सार कार्यालयबाट भएको फैसला नै कानुन बमोजिम देखिँदा सदर हुनु पर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

१२. उपरोक्त बमोजिम बहस सुनी शुरु मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, यसमा शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७४।६।२५ मा भएको निर्णय मिलेको छ, छैन? पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१३. पैठारीमा बन्देज लगाएको र भन्सार घोषणा नगरेको बरामदी मुचुल्कामा उल्लेखित ५६० ग्राम सुन सहित पुनरावेदक नारायण बहादुर भण्डारी भन्सार एरियाको आगमन क्षेत्रमा पक्राउ परेको, निजले उक्त सुनको प्रज्ञापनपत्र र भन्सार महशुल तिरेको निस्सा पेश गर्न नसकेको साथै निजले भन्सारमा घोषणा नगरी लुकाई छिपाई ल्याएको हुँदा चोरी पैठारी गरी ल्याएको ५६० ग्राम सुन जफत गरी सुनको विगो मोल रु२३,७१,८८०/-(तेइस लाख एकहत्तर हजार आठसय असि) त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट मिति २०७४।६।२५ मा भएको निर्णय उपर चित्त नबुझाई प्रतिवादी नारायण बहादुर भण्डारीको तर्फबाट यस न्यायाधिकरण समक्ष प्रस्तुत पुनरावेदनपत्र दर्ता हुन आएको देखियो ।

१४. पुनरावेदकको पुनरावेदन जिकिर हेर्दा मुख्यतः म पुनरावेदक रोजगारीको सिलसिलामा हङ्गकङ्गमा परिवार सहित बसी मासिक रु२ लाख रुपैया आर्जन गर्छु । छुट्टीको समयमा घर तर्फ आउँदा विदेशमा रोजारी गरी कमाएको पैसाले घरायसी प्रयोजनका लागी हङ्कङ्गमा

खरिद गरी ५६० ग्राम सुन ल्याएको हुँ । भन्सार कर्मचारीले तपाइसंग सुन छ झिक्नुहोस भनेपछी मैले ल्याएको सुन झिकी दिएको हुँ । भन्सार तिर्न तयार छु के कती भन्सार कहाँ तिर्ने भनी प्रकृयागत अलमलमा परेको बखत भन्सारका कर्मचारीले चोरी पैठारी गरी सुन ल्याएको भनी बरामदी मुचुल्का गरी पक्राउ गरेको हो । सुन ल्याउदा ५० ग्रामसम्म महसुल रहित र ५०० ग्राम भन्सार तिरेर ल्याउन पाउनेमा मैले ल्याएको सुन १० ग्राम मात्र बढी भएको हुँदा मैले नियतबस सुन चोरी पैठारी गरेको होइन तसर्थ उल्लेखित सुन चोरी पैठारी गरेको ठहर गरि गरेको शुरु फैसला त्रुटीपुर्ण छ भनी पुनरावेदन जिकिर लिएको पाइन्छ ।

१५. यसरी पुनरावेदक प्रतिवादीले आफुले ल्याएको सुन मध्य ५० ग्राम महसुल रहित र ५०० ग्राम महसुल तिरेर ल्याउन पाउने नै भएकोले यी प्रतिवादीबाट बरामद भएको मध्ये १० ग्राम सुन मात्र गैर कानुनी हो त्यो पनि थाहा नपाएर हो भनी बरामद सुन आफुले ल्याएकोमा तथ्यगत रुपमा स्वीकारोक्ती गरेको देखिएतापनि पुनरावेदकले जिकिर गरे जस्तै यी पुनरावेदक भन्सार महसुल तिर्न उद्यत थिए त ? भन्ने तर्फ हेर्दा बरामद सुन ल्याउदा अबलम्बन गरेको (Mode Of Operandi) हेर्ने हो भने यी पुनरावेदकले ल्याएको हाते व्याग र छुट्टै लगेजमा कालो टेपले बेरेर सुन ल्याएको व्यहोरा यी पुनरावेदक समेतको रोहवरमा तयार भएको बरामदी मुचुल्काबाट खुल्न आएको देखिन्छ । आफुले सुन ल्याउदा बरामदी मुचुल्कामा उल्लेख भएझै कालो टेपले किन बाँध्नु पर्यो ? यस्तो बँधाईले सुन आयात गर्दा कानून बमोजिम लाग्ने महसुल तिर्न बुझाउन यी पुनरावेदक उद्यत रहेको भन्ने निजको सदनियतलाई इङ्गित गर्छ र ? भन्सार बिन्दुमा घोषणा गरी देखाउनु पर्ने सुन कालो टेपले बाँधेर ल्याउँदा नै यी पुनरावेदकले बदनियत साथ ढाँट्ने छल्ने उद्धेश्यले सुन ल्याएको पुष्टि हुन्छ । यसरी सुन आयात गर्दाको तौर तरिकालाई बिश्लेषण गर्दा गैर कानूनी तबरमा भित्र्याउने नियत लिइ पुर्व तयारीका साथ बरामद सुन ल्याएकोमा विवाद गर्नु पर्ने अवस्था देखिन आएन ।

१६. साथै यी पुनरावेदकको हाते ल्यागबाट केही सुन र छुट्टै लगेजबाट केही सुन बरामद भएको भन्ने बरामदी मुचुल्काबाट खुल्न आएको देखिन्छ । मूलतः आफुले साथमा नराख्दा हराउने समेतको सम्भावनाले सुन जस्तो मुल्यवान बस्तु सामान्यतया आफ्नो साथमा नरहने छुट्टै लगेजमा नराखी सकभर शरिरमा नै लगाउने र नभएपनि आफुसंग रहने हाते व्याग(Hand Luggage) मा राख्ने आम मानिसको प्रवृती हुन्छ, तर त्यसो नगरी कालो टेपले बेरेर आफुसंग नरहने अन्य लगेजमा समेत राख्ने कार्यले पनि यी पुनरावेदकको नियत आफुले ल्याएको सुनको परिमाण घोषणा गरी कानून बमोजिम लाग्ने महसुल तिर्ने बुझाउने रहेको भन्ने पुष्टी गर्दैन । यस्तो अवस्थामा बरामद सुन गैर कानुनी तबरमा भन्सार छली ल्याउने नै यी पुनरावेदकको नियत रहेको पुष्टी हुँदा भन्सार क्षेत्र भित्रै पक्राउ परेकोले यी

पुनरावेदकको नियत भन्सार महसुल तिर्ने थियो भनी मान्न मिल्ने देखिन नआएकोले शुरु निर्णय उल्टी गर्नु पर्ने भन्ने पुनरावेदकको जिकिरसंग सहमत हुन सकिएन ।

१७. तसर्थ, माथि विवेचित तथ्य एवं कारण समेतको आधारमा प्रतिवादी नारायण बहादुर भण्डारीबाट बरामद भएको सुन भन्सार ऐन, २०६४ को दफा ५७(१) बमोजिम जफत गरी निजलाई उक्त बरामदित सुनको विगो मोल रु.२३,७१,८८०/-(तेइस लाख एकहत्तर हजार आठसय असी रुपैया) जरिवाना हुने ठहर्‍याइ शुरु त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासकबाट मिति २०७४/६/२५ मा भएको निर्णय मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरु तपसील बमोजिम गर्नू।

**तपसील**

फैसलाको प्रतिलिपी बिशेष सरकारी वकिलको कार्यालयलाई दिनु-----------------------१

सरोकारवाला पक्ष प्रस्तुत फैसलाको नक्कल माग गर्न आए नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनु---------------------------------------------------------------------२

प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी यस मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनु---------------------------------------------३

किशोर सिलवाल
(अध्यक्ष)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

फैसला तयारीमा सहयोग गर्नेः-

विश्वराज कुइकेल(शाखा अधिकृत)

इति सम्वत् २०७६ साल असार महिना ०५ गते रोज ५ शुभम् ..........................